आर्थिक वर्ष : २०८१/८२
बैठक संख्या :१७

आज मिति २०८२/०३/०३ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासकीय अधिकृत
श्री दिपक ढुङ्गाना सहायक प्रशासकीय अधिकृत
श्री शंकर चापागाई सहायक लेखा अधिकृत
श्री सन्तोष पौडेल कार्यालय सहयोगी

CamScanner

(मिति २०८२/०३/०३)

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १.
पूर्ण घटना दर्ता सुनिश्चितता पालिका घोषणा सम्बन्धमा।
निर्णय नं. १.

बिरुवा गाउँपालिकाको ब्यक्तिगत घटना दर्ता पूर्णता सुचक मापनका लागि गठित अनुगमन, मूल्याङ्कन तथा सिफारिस समितिद्धारा घटना दर्ता सम्बन्धी तथ्याङ्क विश्लेषण गरी कार्यपालिका समक्ष प्रतिवेदन पेश भएकोमा उक्त प्रतिवेदनले ब्यक्तिगत घटना दर्ता पूर्णता पालिका घोषणा गर्नका लागि आवश्यक सुचकहरु पुरा भएको देखिएको हुँदा उक्त प्रतिवेदन अनुमोदन गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा ब्यक्तिगत घटना दर्ता पूर्णता पालिका घोषणाका लागि सहमती माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २.
सार्वजनिक सुनुवाई सम्बन्धमा।
निर्णय नं. २.
बिरुवा गाउँपालिकामा संचालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था साथै गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरुको सेवा प्रवाह लगायत विविध विषयमा सरोकारवाला पक्षलाई जानकारी गराउने उदेश्यसहित मिति २०८२/०३/१९ गते बिरुवा गाउँपालिका कार्यालयको सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३.
शैक्षिक गुरुयोजना-२०८२ स्वीकृत सम्बन्धमा।
निर्णय नं. ३.
बिरुवा गाउँपालिकाको शैक्षिक गुरुयोजना निर्माणका लागि गठन भएको कार्यदलले निर्माण गरी कार्यपालिका समक्ष स्वीकृतीका लागि पेश गरेको बिरुवा गाउँपालिकाको शैक्षिक गुरुयोजना-२०८२ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४. आ.व.२०८२/८३ का लागि बिरुवा गाउँपालिका भित्र पर्ने जग्गाको न्युनतम मूल्याङ्कन सम्बन्धमा राजश्व परामर्श समितिको सिफारिस सम्बन्धमा।
निर्णय नं. ४.
बिरुवा गाउँपालिका राजश्व परामर्श समितिको बैठकबाट बिरुवा गाउँपालिका क्षेत्रभित्र पर्ने जग्गाको न्युनतम मूल्याङ्कन सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयबाट निर्धारित मूंल्याङ्कनलाई नै आगामी

आ.व.२०८२/८३ का लागि न्युनतम मूल्याङ्कनको रुपमा कार्यम गर्नका लागि सिफारिस भईआएकोले सोही अनुसार गर्ने गराउने निर्णय सर्वसम्मतिले गरियो।

**प्रस्ताव नं. ५.**

४ नं. वडाको कार्यबाहक वडा अध्यक्ष सम्बन्धमा।

**निर्णय नं. ५.**

बिरुवा गाउँपालिका वडा नं. ४ का वडाअध्यक्ष श्री मुक्त बहादुर गुरुङले पारिवारिक वैदेशिक भ्रमणमा रहने र निज कार्यालयमा फर्की नआएसम्मका लागि कार्यपालिका सदस्य श्री ईन्दिरा पोखेललाई कार्यबाहक वडा अध्यक्षको रुपमा कामकाज गर्नेगरी जिम्मेवारी प्रदान गर्न अनुरोधका लागि निवेदन पेश गर्नुभएकोले निज माग निवेदन बमोजिम कार्यालयमा फर्की नआएसम्मका लागि कार्यपालिका सदस्य श्री ईन्दिरा पोखेललाई कार्यबाहक वडा अध्यक्षको रुपमा कामकाज गर्नेगरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६.**

विविध

**निर्णय नं. ६.**

क. बिरुवा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश उल्लेखित बजेट शीर्षकबाट तपसिल योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो।

**तपसिल :**

| क्र.स. | योजनाको नाम/विवरण | बजेट शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | राउसेघाट माथी सिँचाई कुलो निर्माण | फुटकर योजना | २५,०००/- | |
| २ | बालादेवी मन्दिर घेरावार (स्तरोन्नती) | पर्यटन पूर्वाधार कार्यक्रम | १,३५,०००/- | |
| ३ | फलफुल वेर्ना खरिद | कृषि कार्यक्रम | १,००,०००/- | |

ख. बिरुवा गाउँपालिका वडा नं. ४ स्थित ओरष्टे स्वास्थ्य चौकीको प्रयोगशाला मर्मत तथा व्यवस्थापन गर्नज अत्यावश्यक भई वडा समितिको निर्णयबाट अनुरोध भई आए अनुरुप कार्यालयको निर्णयबमोजिम उक्त स्वास्थ्य चौकीमा कार्यरत हे.अ. कोमल ढकाललाई अमानतमा काम गराईएकोमा उक्त प्रयोगशाला मर्मत गर्दा खर्च भएको मूल्याङ्कन अनुसारको खर्च रकम रु ४१,२२९/- अनुमोदन गरी फुटकर योजना खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

CamScanner